के म तिमीहरूलाई त्यो कुरा सिकाइदिऊँ, जुन तिमीहरूले माग गरेको सेवकभन्दा उत्तम छ? जब तिमीहरू आफ्नो ओछ्यानमा जान्छौ, तब ३३ पटक ‘सुब्हानल्लाह’, ३३ पटक ‘अल्हम्दुलिल्लाह’ र ३४ पटक ‘अल्लाहु अकबर’ भन्ने गर। यो कार्य तिमीहरू दुवैका निम्ति एउटा सेवक प्राप्त हुनुभन्दा धेरै उत्तम छ।

अली (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, फातिमा (रजियल्लाहु अन्हा) जाँतो पिस्दा आफ्नो हातमा परेको कष्टको गुनासो लिएर नबी (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ उपस्थित हुनुभयो। उहाँले नबी (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ केही दास-दासीहरू (युद्धबन्दीहरू) आइपुगेको खबर पाउनुभएको थियो। तर, उहाँले नबी (सल्लल्लाहु अलैहि वसल्लम) सँग भेट गर्न सक्नुभएन, तसर्थ उहाँले यो कुरा आमा आइशा (रजियल्लाहु अन्हा) लाई अवगत गराउनुभयो। जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) घर फर्कनुभयो, आइशा (रजियल्लाहु अन्हा) ले उहाँलाई उक्त कुरा सुनाउनुभयो। (अली रजियल्लाहु अन्हु भन्नुहुन्छ): "हामी सुत्नका लागि ओछ्यानमा गइसकेका थियौं, त्यही समयमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) हामीकहाँ आउनुभयो। हामीले ओछ्यानबाट उठ्न खोज्यौं, तर उहाँले भन्नुभयो: "आफ्नै स्थानमा रहिरहनु।" त्यसपछि उहाँ मेरो र फातिमाको बीचमा बस्नुभयो, यहाँसम्म कि मैले मेरो छातीमा उहाँका पाइलाको शीतलता महसुस गरें। अनि
उहाँले भन्नुभयो : "के म तिमीहरूलाई त्यो कुरा सिकाइदिऊँ, जुन तिमीहरूले माग गरेको सेवकभन्दा उत्तम छ? जब तिमीहरू आफ्नो ओछ्यानमा जान्छौ, तब ३३ पटक ‘सुब्हानल्लाह’, ३३
पटक ‘अल्हम्दुलिल्लाह’ र ३४ पटक ‘अल्लाहु अकबर’ भन्ने गर। यो कार्य तिमीहरू दुवैका निम्ति एउटा सेवक प्राप्त हुनुभन्दा धेरै उत्तम छ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) की छोरी फातिमा (रजियल्लाहु अन्हा) ले जाँतो (चक्की) पिस्ने कारणले हातमा उठेको फोकोबारे गुनासो गरिन्। उता रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ केही युद्धबन्दीहरू ल्याइएका थिए। घरको काममा सघाउन एउटा कामदार चाहियो भनेर उनी आफ्नो बुवाकहाँ पुगिन्, तर उहाँ नभएकोले सबै कुरा आइशा (रजियल्लाहु अन्हा) सित गरेर फर्किन्। जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) आउनुभयो, तब आइशा (रजियल्लाहु अन्हा) ले फातिमा (रजियल्लाहु अन्हा) एउटा सेवक लैजान अनुरोध गर्न आएकी थिइन् भन्ने कुरा बताउनुभयो। यो सुनेर, उहाँ फातिमा र अली (रजियल्लाहु अन्हुमा) को घर आउनुभयो र त्यतिबेला उनीहरू ओछ्यानमा गइसकेका थिए र सुत्ने तयारीमा थिए । उहाँ दुवै जनाको बीचमा बस्नुभयो । यहाँसम्म कि अली (रजियल्लाहु अन्हु) ले उहाँको दुवै पाइलाको शीतलता आफ्नो पेटमा महसुस गर्नुभयो। अनि उहाँले भन्नुभयो : के म तिमीहरूलाई त्यो कुरा सिकाइदिऊँ, जुन तिमीहरूले मसँग मागेको सेवकभन्दा उत्तम छ? दुवैले भने: "हो, अवश्य सिकाउनु होस्!" त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: तिमीहरू राति आफ्नो ओछ्यानमा सुत्ने बेला ‘अल्लाहु-अक्बर’ ३४ पटक, ‘सुब्हानल्लाह’ ३३ पटक, र ‘अल्हम्दु-लिल्लाह’ ३३ पटक भन्ने गर्नु । यी शब्दहरू तिमीहरुका लागि सेवक राख्नुभन्दा उत्तम छ ।

